# मानमिन समाचार

अंक २७ जनवरी २९, २०१७

# नेपाल, भारत, र हङकङमा आयोजित पास्टर सेमिनारी र रुमालका चङ्गाइ सभाहरू




सन् २०१६ को नोभेम्बर ८ देखि २१ सम्म, मानमिनको वर्ल्ड गाइडेन्स पास्टर रेभ. हिसन ली (तस्वीर १) ले नेपाल, भारत र हङकङमा पास्टर सेमिनारीहरू र रुमालको चङ्गाइ सभा आयोजना गर्नुभयो । उहाँले पवित्रताको सुसमाचार प्रचार गर्नुभयो र शक्तिको रुमालका साथ प्रार्थना गरि दिनुभयो ।

### काठमाण्डौं, नेपालः पास्टरहरूमा जागृति र कुष्ठरोगबाट चङ्गाइ

नोभेम्बर १० को बिहानीमा, रेभ. लीले नेपाल मानमिन चर्चका सदस्यहरूसित भेटघाट गर्नुभयो र पास्टर तथा सेवकसेविकाहरूको सेमिनारलाई अगुवाइ गर्नुभयो । यस सेमिनारीमा ७५० भन्दा बढी व्यक्तिहरू सहभागी हुनुभएको थियो (तस्वीर २) । दुबई र बाहराइनका साथै नेपालका थुप्रै स्थानहरूबाट समेत हार्दिकताकासाथ सहभागीहरू उपस्थिति हुनुभएको थियो ।

नोभेम्बर ११ को बिहानीमा नेपाल मानमिन चर्चले आफ्नो ११ औं वार्षिकोत्सवको सेवा र उत्सव समारोह आयोजना गरेको थियो । लगभग ६०० को हाराहारिमा सहभागीहरू उपस्थित हुनुभएको थियो । रेभ. लीले फिलिप्पी २:१७-१८ लाई आधार बनाउनुभई 'परिवर्तन' शीर्षकमा वचन दिनुभएको थियो ।

दिउँसो, रेभ. लीले डा. जेरक लीले प्रार्थना गरि दिनु भएको रुमालका साथ प्रार्थना गरिदिनुभयो (प्रेरित १९:११-१२) । उहाँले प्रार्थना गर्नुभएपछि (तस्वीर ७) थुप्रै सहभागीहरूले आफूले चङ्गाइ पाएको कुराको गवाही दिनुभयो । दमको रोग, चिलाउने समस्या, थाइराइडको समस्या र मूत्रप्रणालीमा भएको समस्या सहितका थुप्रै रोगहरूबाट धेरै जनाले चङ्गाइ पाउनुभयो । भाइ होम बाहादुर राईको (तस्वीर ८) कानले सुन्न छोडेको ३ वर्ष भइसकेको थियो, तर प्रार्थनापछि फेरि उहाँ फेरि सुन्न सक्ने हुनुभयो साथै उहाँको कुप्रो ढाड पनि सिधा भयो । भाइ जय राम भुजेल कुष्ठरोगबाट निको हुनुभयो (उहाँको गवाही पृष्ठ ४ मा रहेको छ) ।

### दिल्ली, उत्तरी भारतः श्रवण शक्तिमा आएको कमजोरीबाटको चङ्गाइ र समय तथा दूरीलाई माथ गर्दै चिकनगुनियाबाट चङ्गाइ

नोभेम्बर १३ मा, दिल्ली मानमिन चर्चको चौथो वार्षिकोत्सव सेवा समारोह थियो (तस्वीर ३ र ४) र लगभग ३५० जना सहभागीहरू उपस्थित हुनुभएको थियो ।

रेभ. लीले १ यूहन्ना ३:१८ मा आधारित रहनुभएर "फल" शिर्षकमा वचन प्रचार गर्नुभयो र रुमालको साथ प्रार्थना गरिदिनुभयो । भाइ पप्पु ओकुलार (दृष्टि सम्बन्धी/यअगबिच) प्रत्यारोपणको दुष्प्रभावबाट निको हुनुभयो । चिकनगुनियाको भाइरसबाट ग्रस्त हुनुभई घरमा हुनुभएको भाइ रोहनकी आमा समय र दूरीलाई माथ गर्दै निको हुनु भयो (तस्वीर ९) ।

भाइ उमेश (तस्वीर १०) सुन्न सक्नुहुन्नथ्यो, तर २०१६ सालको मानमिन समर रिट्रीटमा सिनियर पास्टरको प्रार्थना ग्रहण गर्नुभएपछि उहाँ सुन्न सक्ने हुनुभएको थियो । उहाँले सुन्ने क्षमता गुमाउनु भएकाहरूलाई यस सभामा डोऱ्याउनु भएको थियो र चार जानाले सुन्ने क्षमता पुनः प्राप्त गर्नुभयो । अन्य थुप्रै व्यक्तिहरू पनि कमजोर दृष्टिशक्ति, मधुमेह र छाला सम्बन्धी रोगहरूबाट निको हुनुभयो ।

### चेन्नाइ, दक्षिणी भारत र हङकङः बहिरोपना र अन्धोपनाबाट चङ्गाइ

नोभेम्बर १६ मा, रेभ लीले चेन्नाइ मानमिन चर्चका सदस्यहरूसित भेटघाट गर्नु भयो । चर्चले आफ्नो १२ औं वार्षिकोत्सव सेवा आयोजना गऱ्यो जसमा लगभग ५०० जना सहभागीहरू उपस्थित हुनुहुन्थ्यो (तस्वीर ५ र ६) र त्यहाँ उहाँले रुमालको चङ्गाइ सभा सञ्चालन गर्नु भयो । उहाँले "प्रेम" (यूहन्ना १५:७-९) शीर्षकमा वचन प्रचार गर्नुभयो र रुमालका साथ प्रार्थना गरिदिनुभयो ।

सन् २०१६ को अगस्टमा डा. लीको प्रार्थनाद्वारा हृदयघातबाट निको हुनुभएको जश्वनसिंह अनिद्रा र काँधको पीडाबाट निको हुनुभयो (तस्वीर ११) ।

भाइ राजेन्द्र (तस्वीर १२) बोल्न र आफ्ना दुवै कानहरू मार्फत सुन्न सक्ने हुनुभयो । बहिनी रेबिका मधुमेहकासाथै त्यसको जटिलताको कारण शरीरभरि फैलिएको पीडाबाट समेत निको हुनुभयो र भाइ रुबेनको चोट ग्रस्त खुट्टा निको भयो । यसका अतिरिक्त, थुप्रै सहभागीहरू दमको रोग, आघातको कारण भएका समस्याहरूका साथै केहीले भूतात्माहरूबाट समेत छुट्कारा पाउनुभयो र उहाँहरूले कार्यस्थलमा पदोन्नति अनि आर्थिक आशिष्हरू जस्ता थुप्रै आशिष्हरू पनि प्राप्त गर्नुभयो ।

नोभेम्बर २० मा, हङकङमा धन्यवादको आइ(तबार सेवा र प्रभुभोज आयोजना गरिएको थियो र त्यही दिन भएको रुमालको चङ्गाइ सभामा थुप्रै सहभागीहरू अन्धोपना सहितका विभिन्न रोगहरूबाट निको हुनुभयो ।

## क्रूसको सन्देश शृंखला – (२७)

# विषालु सर्पहरू र क्रूस


डा. जेरक ली

"परमप्रभुले मोशालाई भन्नुभयो, 'तैंले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्या । सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन् ।' तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए । सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे ।"
(गन्ती २१:८-९)
"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।"
(यूहन्ना ३:१४-१५)

इस्राएलका मानिसहरूले उजाड-स्थानमा सामना गर्नुभएको विषालु सर्पहरूको घटनाको माध्यमद्वारा, हामी त्यस घटना र येशूको क्रूसबीचको सम्बन्धबारे बुझ्न सक्छौं ।

### १. इस्राएलीहरूले परमेश्वर र मोशाको विरुद्धमा बोलेकोले गर्दा विषालु सर्पहरूको सामना गर्नुपरेको थियो

गन्ती २१ अध्यायमा उल्लेख भएको घटना इस्राएलीहरू मिश्रबाट निस्किआएपछि घटेको थियो । ४०० वर्षभन्दा बढी समयसम्म मिश्रीहरूको दासत्वमा रहेपछि इस्राएलीहरूले परमेश्वरमा छुटकारा को निम्ति पुकारा गरे । परमेश्वरले मोशालाई पठाउनु भएर आफ्ना चुनिएका प्रजाहरूलाई दासत्वबाट छुट्कारा दिनुभयो र उहाँमार्फत् परमेश्वरको शक्तिका महान् कार्यहरू पनि प्रकट हुनदिनुभयो ।

इस्राएलीहरूले मिश्रबाट निस्कनासाथ तुरुन्तै "दूध र मह बग्ने देशमा" पुग्ने अपेक्षा गरेका थिए, तर परिस्थिति तिनीहरूले सोचेको भन्दा विपरित थियो । तिनीहरू आशिषित् भूमिमा प्रवेश गर्न योग्य बनून् भनी परमेश्वरले तिनीहरूलाई उजाडस्थानमा रहन दिनुभयो । यद्यपि, तिनीहरूले परमेश्वरको इच्छा बुझ्न सकेनन् र हरेकपल्ट कठिनाइहरूको सामना गर्दा तिनीहरूले तुरुन्तै परमेश्वरको विरुद्धमा गनगन गरे । नतिजास्वरूप परमेश्वरले तिनीहरूलाई ४० वर्षसम्म उजाडस्थानमा रहिरहन दिनुभयो ।

इस्राएलीहरूले मोशाले तिनीहरूलाई उजाडस्थानमा मार्नको लागि ल्याउनुभएको हो भनी दोष लगाए र परमेश्वरले दिनुभएको मन्नको बारेमा "यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो" भन्दै गनगन गरे (गन्ती २१:५) । फलस्वरूप परमेश्वरको क्रोध विषालु सर्पको रूपमा तिनीहरूमाथि आइपऱ्यो र त्यसको डसाइबाट "थुप्रै इस्राएलीहरूको मृत्यु भयो ।"

त्यसपछि इस्राएलीहरू पश्चात्ताप गर्नको लागि मोशाको अघि आए । जब मोशाले तिनीहरूका निम्ति अन्तर्विन्ती गर्नुभयो, तब परमेश्वरले कसरी त्यसको जोखिमबाट बच्ने र तिनीहरूलाई मृत्युबाट बचाउने भन्ने बारेमा उहाँलाई बताउनुभयो । परमेश्वरले भन्नुभए अनुसार नै, मोशाले एउटा काँसाको सर्प बनाउनु भएर त्यसलाई खामामा झुण्डचाउनु भयो र विषालु सर्पले डसेको भएतापनि त्यसलाई हेर्ने हरेकले जीवन पाए ।

### २. विषालु सर्पको घटनाबाट सिक्नु पर्ने आत्मिक पाठ

#### २) हाम्रा समस्याहरूको समाधान, हामी परमेश्वरमा मात्र पाउँदछौं ।

परमेश्वरसित मानिसको जीवन, मृत्यु, आशिष् र भाग्य तथा दूर्भाग्य माथिको पूर्ण अधिकार भएकोले गर्दा, इस्राएलीहरूमाथि विषालु सर्पहरू ल्याउन र तिनीहरूलाई हानिबाट बचाउन केवल उहाँले मात्र सक्नुहुन्थ्यो । ती विषालु सर्पहरू जमीनबाट त्यसैसमयमा एक्कासी उत्पन्न भएका थिएनन् । उजाडस्थानमा, विषालु सर्पहरू र बिच्छीहरू पाइनु स्वभाविकै हो, तर परमेश्वरले उहाँका मानिसहरूलाई सुरक्षा दिनुभएकोले गर्दा, यस्ता प्राणीहरू तिनीहरूको नजिक आउन सकेका थिएनन् । यद्यपि इस्राएलीहरूले परमेश्वरको विरुद्धमा बोलेकोले गर्दा, तिनीहरू परमेश्वरको सुरक्षा घेराबाट बाहिर गए र विषालु सर्पको जोखिममा परे ।

त्यसकारण, विषालु सर्पहरूको समस्या समाधान गर्नको लागि इस्राएलीहरूले परमेश्वरबाट नै सहायता खोज्नु पर्ने थियो । यसरी नै, हामीले पनि सबै समस्याहरूको समाधान परमेश्वरमा नै खोज्नु पर्दछ । यहाँ, "विषालु सर्पहरू" ले शत्रु दियाबलस र शैतानलाई जनाउँदछ । शत्रु दियाबलसले पापमा जिउने सबै शारीरिक मानिसहरूलाई आफ्नो शिकार बनाउँदछ र मानवजातिमाथि परीक्षा र सतावटहरू ल्याउँदछ ।

दुर्घटनामा पर्दा, रोगबिमार हुँदा र कठिनाइको सामना गर्नुपर्दा मानिसहरू, यो सबै तिनीहरूका भाग्य वा संयोगले गर्दा भएको हो भनी सोच्दछन् । यद्यपि परमेश्वरका छोराछोरीहरूले आफ्नो समस्याको मूल कारण खोजी गर्नु पर्दछ र पत्ता लगाएर परमेश्वरको वचन अनुसार त्यसको समाधान गर्नु पर्दछ । इस्राएलीहरू आफ्ना पापहरूको निम्ति पश्चात्ताप गर्दै मोशाको सामु आएझैं, उहाँहरू पनि आफ्ना गलतीहरूको निम्ति पश्चात्ताप गर्दै परमेश्वरको सामु आउनु पर्दछ । जब मानिसहरू पश्चात्तापमा आफ्नो हृदय तोड्दछन्, पापको पर्खाल भत्काउँदछन् र ज्योतिमा आउँदछन् तब परमेश्वरले तिनीहरूका समस्याहरू समाधान गरिदिनुहुनेछ ।

#### २) हामीले कृतज्ञता र आनन्दका साथ विश्वासका परीक्षाहरू सहनु पर्दछ ।

सुन जस्तै विश्वास प्राप्त गर्न विश्वासका परीक्षाहरूबाट गुज्रने अनुमति दिनुभई परमेश्वर आफ्ना छोराछोरीहरूलाई उहाँका आशिषहरू प्राप्त गर्ने योग्य भाँडाको रूपमा तयार गर्नुहुन्छ (याकूब १:४) । परमेश्वरले प्रतिज्ञा गर्नुभएका आशिषहरू प्राप्त नहुन्जेलसम्म विश्वासका पुर्खाहरूले समेत सबै प्रकारका सतावटहरूको सामना गर्नुपरेको थियो र लामो समयसम्म परीक्षाहरूबाट गुज्रनु परेको थियो ।

त्यसरी नै, इस्राएलीहरूले उजाडस्थानमा सामना गरेको परीक्षा चाहिँ एउटा प्रक्रिया थियो, जसद्वारा गुज्रेपछि मात्र तिनीहरू परमेश्वरले दिनुभएको आशिषित् कनान भूमिमा प्रवेश गर्न सक्थे (व्यवस्था ८:१५-१६) । यदि तिनीहरूले परमेश्वरमा पूर्ण भरोसा गरेको भए, उहाँको विरुद्धमा बोल्नुको साटो, उहाँको प्रेम र आशिषको कृतज्ञतामा तिनीहरू आफैलाई परिवर्तन गर्ने थिए ।

जब हामी कृतज्ञता र आनन्दका साथ विश्वासका परीक्षाहरूलाई सहन्छौं, तब निश्चय नै हामी प्रतिज्ञा गरिएको कनानभूमि - स्वर्गको राज्यमा प्रवेश गर्नेछौं । परीक्षाहरूको माझमा पनि यदि हामी आशिषको निम्ति भाँडो तयार गर्दछौं, परीक्षाहरूमाथि विजयी हुन्छौं र हाम्रो विश्वासलाई प्रमाणित गर्दछौं भने, परमेश्वरले हामीलाई आशिषहरू दिनुहुँदा शत्रु शैतानले हामीमाथि कुनै पनि कुराको दोष लगाउन सक्नेछैन ।

परमेश्वरको विरुद्धमा बोल्ने र गनगन गर्ने कार्यले केवल परीक्षाहरू मात्र लम्ब्याउँदछ, साथै यसले विश्वासको कमी भएको र परमेश्वरबाट आशिष् प्राप्त गर्ने योग्य भाँडोको रूपमा तयार नभइसकेको कुराको समेत पुष्टि गर्दछ ।

#### ३) परमेश्वरले उहाँका मानिसहरूलाई काँसाको सर्पलाई हेरेर विश्वास प्राप्त गर्न सहायता गर्नुभयो ।

जब इस्राएलीहरूलाई विषालु सर्पहरूले टोक्यो, तब तिनीहरू खामामाथि झुण्ड्याइएको काँसाको सर्पलाई हेरर बाँच्न सके । के यसको अर्थ तिनीहरूले काँसाको सर्पलाई नहेरेको खण्डमा परमेश्वरले तिनीहरूलाई उहाँको शक्तिद्वारा बचाउन सक्नुहुन्थ्यो भन्ने हो त ? मत्ती ८ अध्यायमा उल्लेख गरिएको कप्तान जसले येशूलाई "वचन मात्र बोलिदिनुहोस्" भनी भन्नुभएको थियो, यदि तिनीहरूमा पनि त्यो कप्तानको जस्तै विश्वास भएको भए, परमेश्वरले "निको होऊ" भन्नुभए मात्र पनि पुग्दथ्यो ।

तर इस्राएलीहरूमा यस्तो विश्वास थिएन । मानिसहरूमा विश्वास नभएको खण्डमा परमेश्वरको शक्तिको महन् कार्य पनि व्यर्थ हुने भएकोले गर्दा, परमेश्वरले तिनीहरूलाई विश्वासको एक देखिने चिन्ह दिनुभयो । तिनीहरूलाई डसेर मृत्युमा पुऱ्याउने विषालु सर्पको खामामा राखेको प्रतिमालाई हेर्दा, परमेश्वरले तिनीहरूलाई विषालु सर्पहरूदेखि बचाउनुभएको छ भनी तिनीहरूले दृढताका साथ विश्वास गर्न सक्थे ।

येशूले यूहन्ना ४:४८ मा हामीलाई यसो भन्नुभएको छ, "तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ ।" मानिसको निम्ति असम्भव रहेको परमेश्वरको शक्तिका कार्यहरू देखेपछि, सुनेपछि र अनुभव गरेपछि अविश्वासीहरूले समेत सजिलै परमेश्वरलाई स्वीकार गर्नुहुनेछ र विश्वासीहरू साँचो विश्वास धारण गर्न अनि परमेश्वरको वचनअनुसार जिउन सक्नुहुनेछ ।

### ३. इस्राएलीहरूले काँसाको सर्पलाई हेरेको खण्डमा मुक्ति पाउने परमेश्वरको प्रबन्ध

यूहन्ना ३:१४-१५ मा येशूले, "जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ" भनी भन्नुहुँदा यसले येशूको क्रूसीकरणलाई संकेत गरेको कुरा हामी बुझ्न सक्छौं । जसरी विषालु सर्पको प्रतिमालाई खामामाथि झुण्ड्याइयो, त्यसरी नै हामीलाई हाम्रा पापहरूदेखि छुटकारा दिन पापरहित येशू क्रूसमा टाँगिनु भयो ।

त्यसोभए खामामाथि झुण्ड्याइएको काँसाको सर्पलाई हेर्ने कुरालाई किन बाइबलले क्रूसमा झुण्ड्याएको येशूलाई हेर्ने कुरासित तुलना गरेको छ त ? किनभने येशूको क्रूसीकरण शत्रु दियाबलस र शैतानको विनाशसित प्रत्यक्ष रूपमा सम्बन्धित छ । किनभने क्रूसमा झुण्डिनुभएको येशूलाई हेर्नु भनेको शत्रु दियाबलस र शैतानको अखितयार विनाश भएको कुराको साक्षी हुनु हो, जब हामी यो कुरामा विश्वास गर्दछौं ; तब हामी आत्मिक जीवन प्राप्त गर्न सक्छौं ।

आत्मिक राज्यको नियमानुसार, पापको ज्याला मृत्यु हो ; त्यसकारण, आदमले पाप गर्नुभएपछि, उहाँ र उहाँका सबै सन्ततिहरू मृत्युको मार्गमा जानुभयो । शत्रु शैतानको अख्तियारमा रहेको यस संसारमा परीक्षा र कष्टहरूमाझ जीवन जिएपछि, मानिसहरू नरकमा जानुपर्ने थियो र त्यहाँ अनन्त दण्ड भोग्नु पर्ने थियो ।

दुष्ट मानिसहरूलाई उक्साएर मानवजातिलाई बचाउनको लागि यस संसारमा आउनुभएको पापरहित येशूलाई क्रूसमा टाँग्न लगाउँदा, शत्रु दियाबलसले येशूलाई मारेको खण्डमा मृत्युमाथिको त्यसको अख्तियार अनन्तसम्म रहिरहनेछ भनी सोचेको थियो, तर अन्ततः त्यसले आफ्नो अख्तियार गुमायो । आत्मिक राज्यको नियमानुसार मृत्युदण्ड केवल पापीहरूलाई मात्र दिइन्छ, तर शत्रु दियाबलसले त्यो नियम उल्लङ्घन गऱ्यो र पापारहित येशूको हत्या गऱ्यो ।

त्यसकारण, येशू ख्रीष्टमा विश्वास गर्नुहुने र उहाँलाई ग्रहण गर्नुहुने हरेकलाई मृत्युको अख्तियारदेखि छुट्कारा दिएर येशूमा सुम्पिदिन त्यो बाध्य छ । तसर्थ, येशूलाई आफ्नो मुक्तिदाताको रूपमा विश्वास गर्नुहुने हरेकले मुक्ति प्राप्त गर्नुहुनेछ र येशूको नाउँमा विश्वासका साथ प्रार्थना गर्नुहुँदा उहाँहरू सबै प्रकारका परीक्षा र कष्टहरूबाट मुक्त हुनुहुनेछ ।

इस्राएलीहरू माझ पनि, जो-जति आज्ञाकारी हुनुहुन्थ्यो उहाँहरूले खामामा झुण्ड्याइएको काँसाको सर्पलाई हेर्नुभएर बाँच्नु भयो, तर अनाज्ञाकारी र कठोर हृदय भएकाहरूले भने विषालु सर्पहरूको कारण ज्यान गुमाए । त्यसरी नै, जस-जसले येशू ख्रीष्टलाई ग्रहण गर्नुहुनेछ उहाँहरूले मुक्ति प्राप्त गर्नुहुनेछ, तर विश्वास नगर्नेहरूलेचाहिँ मुक्ति प्राप्त गर्नेछैनन् र तिनीहरू पूर्णतया नरकमा पर्नेछन् ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, मानवजातिलाई बचाउनको लागि आफ्नो एक मात्र पुत्रपनि स्वेच्छाकासाथ बलिदान गर्नुहुने परमेश्वरको प्रेमप्रति तपाईंहरू प्रत्येक कृतज्ञ बन्नुभएको होस्, यस संसारमा आशिषहरू प्राप्त गर्नुभएको होस् र स्वर्गको अनन्त महिमामा बास गर्नुभएको होस् भनी, म हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु !

# परमेश्वरलाई प्रसन्न तुल्याउने जोश

आफ्ना कार्यहरूप्रति विश्वासयोग्य बन्नको लागि हार्दिकताका साथ कठोर परिश्रम गर्नुभएको जस्तो देखिएतापनि, तपाईंले कस्ता फलहरू फलाइरहनु भएको छ ? तपाईंले सोचेको भन्दा तपाईंको आत्मिक तह कम पनि हुन सक्छ, र तपाईंहरूमध्ये कोही अझै पनि परीक्षाहरूको माझमा नै हुनुभएको हुन सक्छ । त्यसकारण तपाईंमा भएको जोश परमेश्वरलाई आनन्दित तुल्याउने खालको हो कि होइन भनी अब जाँचेर हेरौं । यसो गर्नाले, तपाईंले रोप्नुभएको विश्वासका बीउहरूलाई सिद्ध आशिषका फलहरूको रूपमा फलाऔं ।

बुँदा १

## के तपाईंको जोश परमेश्वरप्रतिको प्रेमको कारण आएको हो ?

केही मानिसहरू जोशिलो र सक्रिय स्वभावका हुन्छन् । तिनीहरू आफ्ना कर्तव्यहरूको निम्ति जिम्मेवार हुन्छन् । तिनीहरू जोशका साथ चर्चका गतिविधिहरूमा सहभागी बन्दछन् । अरूबाट मान्यता पाउनका लागि तिनीहरू जोशिलो बन्दछन् । तर अरूले तिनीहरूका कार्यहरूलाई मान्यता नदिएको खण्डमा, "परमेश्वरलाई प्रेम गरेको कारण म परमेश्वरको काम गरिरहेको छु" भन्ने सोची तिनीहरू आफैलाई धोखा दिँदछन् ।

परमेश्वरप्रतिको प्रेममा जोशिला हुनुभएकाहरूले परमेश्वर उहाँहरूबाट के चाहनुहुन्छ भन्ने कुरा पत्ता लगाउनको लागि परमेश्वरको हृदय र इच्छा खोजी गर्नुहुनेछ । उहाँहरू आफूखुशी गर्नुहुन्न । उहाँहरू परमेश्वरबाटको लक्ष्य र तरिकाहरूको खोजी गर्नुहुन्छ अनि परमेश्वरको हृदय र इच्छाअनुसार आज्ञापालन गर्न प्रयत्न गर्नुहुन्छ ।

परमेश्वरलाई धेरै प्रेम गर्नुभएको र उहाँको साँचो सन्तान बन्ने इच्छा भएकोले गर्दा तपाईंमा उच्च विश्वासको नाप प्राप्त गर्ने हार्दिक चाहना र व्यग्रता हुनुपर्दछ । यद्यपि, त्यहाँ केही यस्ता मानिसहरू छन्, जो यस्तो सोच्ने गर्दछन्, "ममा अरूको जस्तै हार्दिकता छ, तैपनि किन मेरो विश्वासलाई कम आकलन गर्दछन् ?" वा "मेरो विश्वासको नापको कारणले गर्दा नै मैले यो ओहदा पाएको छ, त्यसकारण मैले लज्जित महसुसै गर्नु ।" यदि तपाईंमा यस्तो मनोवृत्ति छ भने यसको अर्थ तपाई आफ्नै इच्छा पूरा गर्न चाहनुहुन्छ ।

यदि तपाईंमा परमेश्वरको साटो आफ्नै इच्छा पूरा गर्ने चाहना छ भने, केही समयको निम्ति वचन सुन्ने र हार्दिकतापूर्वक प्रार्थना गर्ने गर्नुभएतापनि आफूले चाहेको अनुसार परिणाम प्राप्त नहुँदा तपाई थकित बन्नुहुनेछ र सेलाउनुहुनेछ । तपाईंले एक वा दुई महिनासम्म प्रार्थना गर्नुहुनेछ, तर चाहेको जस्तो प्रतिफल नआउँदा प्रार्थना गर्न बन्द गर्नुहुनेछ । किनभने तपाईंमा भएको प्रार्थनाप्रतिको हार्दिकता विश्वास वा परमेश्वरप्रतिको प्रेमको कारणले गर्दा उत्पन्न भएको हुँदैन ।

यदि तपाई परमेश्वरप्रतिको साँचो प्रेमका साथ आफ्ना जिम्मेवारीहरू पूरा गर्दैहुनुहुन्छ भने, तपाई सबै सित शान्ति कायम गर्न प्रयत्न गर्नुहुनेछ । जब तपाईंले चर्चमा पाउनु भएका जिम्मेवारीहरू पूरा गर्नुहुन्छ, तब परमेश्वरप्रतिको प्रेमको कारण हो कि वा अरूबाट प्रशंसा पाउने चाहनाका साथ त्यसो गर्नुभएको हो भनी तपाईंले स्वयम्लाई जाँचेर हेर्नुपर्दछ ।

साथै, तपाई अरूले देख्ने कार्यहरू मात्र नभई नदेखिने गाह्रो र अत्यन्तै कठिन कार्यहरू पनि धन्यवादी हृदयका साथ गर्नुहुनेछ । कहिलेकाहीं अनुचित रूपले तपाईंमाथि दोषहरू आएतापनि, संयमका साथ तपाई परमेश्वरमा नै भर पर्नु हुनेछ ।

बुँदा २

## के तपाईंको जोश परिवर्तन नहुने गरी साँचो छ ?

केही मानिसहरू अनुग्रहलेभरिपूर्ण र विश्वासमा एकदमै जोशिलो जस्तो देखिएतापनि, तिनीहरू चाँडै सेलाउने गर्दछन् । कुनै कुरा तिनीहरूको सोचाइसित मेल नखाँदा वा तिनीहरूका निम्ति फाइदाजनक नहुँदा तिनीहरूको भावावेश सेलाएर जाँदछ ।

केहीले भने पैसा वा ख्याति र संसारका अन्य कुराहरूको पछि लागेर विश्वासी जीवनलाई बेवास्ता गर्दछन् । केही भने, परमेश्वरबाट ईश्वरीय चङ्गाइ वा आर्थिक आशिषहरू प्राप्त गर्नको लागि विश्वासमा लगनशील त बन्दछन्, तर आफूले चाहेको समयमा र आफ्नो इच्छानुसार नहुँदा तिनीहरूको जोश चाँडै सेलाएर जाँदछ । केही भने समूहमा ओहदा प्राप्त गर्नको लागि समूहका सबै सभाहरूमा सहभागी बन्दछन् र पैसा तथा भौतिक सेवाद्वारा आफ्नो समूहको सेवा गर्दछन् । तर आफूले चाहे अनुसारको ओहदा नपाएको खण्डमा, तिनीहरू सभामा उपस्थित हुन छोड्दछन् । केही मानिसहरू भने जिम्मापाएको खण्डमा एकदमै सक्रियताका साथ कार्य गर्दछन् तर त्यही काम अरूलाई जिम्मादिएको छ भने तिनीहरू सहकार्य गर्दैनन् र मूकदर्शक बन्दछन् ।

सुसमाचारप्रतिको प्रेरित पावलको जोश कहिल्यै पनि सेलाएन । महिमा नपाउँदा वा पर्याप्त फल नफल्दा पनि उहाँ निराश बन्नु भएन । उहाँकै जाति यहूदीहरू उहाँलाई मार्न उहाँको पछिपछि लाग्दा र मूर्ति-पूजामा बाधा दिएको भन्दै अन्य जातिहरूले उहाँलाई सताउँदा समेत उहाँले सुसमाचार प्रचार गर्न बन्द गर्नुभएन । उहाँले अत्यन्तै कठिन परिश्रमका साथ स्थापना गर्नुभएको चर्चमा, सदस्यहरूबीच व्यभिचार र अन्य पापहरू फैलिएको कुरा सुन्दा उहाँ अतिनै दुःखित बन्नुभयो । केहीले उहाँलाई धोका दिएर छोडेर गएका थिए र केहीले भने उहाँ प्रेरित बन्न योग्य हुनुहुन्न भन्दै उहाँलाई इन्कार गरेका थिए ।

तर उहाँले कठिनाइहरूको वास्ता गर्नुभएन । उहाँ थकित वा निराश बन्नुभएन । उहाँले "मैले किन यी कुराहरूको सामना गर्नुपर्ने ? प्रभु किन मलाई सहायता गर्नुहुन्न ?" भनी गनगन गर्नुभएन । उहाँले "मैले कहिलेसम्म पीडा भोग्नुपर्ने हो ?" वा "अब पुग्यो" भनी कहिल्यै पनि, भन्नुभएन ।

ढुंगाले हानेको कारण अचेत हुनुभई मृत्युको संघारमा पुग्नुभएको भएतापनि, होशमा आउनासाथ उहाँ अर्को मिशन यात्रामा जानुभयो । कुटाइ खानुभएर, रगताम्य भई झ्यालखानामा पर्नुभएतापनि सबै कैदीहरूले सुन्ने गरी उच्च सोरमा उहाँले परमेश्वरको प्रशंसा गर्नुभयो । कैदमा पर्नुभएर खुल्लमखुल्ला प्रचार गर्न नसक्नु भएतापनि अगुवा र विश्वासीहरूको विश्वासलाई पुनःपुष्टि गर्नको लागि उहाँले प्रत्येक चर्चहरूमा पत्रहरू पठाउनुभयो । प्रेरित पावलको जोशजस्तै प्रभुप्रतिको तपाईंको जोशले पनि परमेश्वरबाट साँचो र अपरिवर्तनीय भन्ने मान्यता पाउने छ भनी म आशा गर्दछु ।

बुँदा ३

## के तपाईंको जोश परमेश्वरले दिनुभएको मुक्तिको अनुग्रहप्रति कृतज्ञताको कारण आएको हो ?

अपरिवर्तनीय जोश हुनको लागि, तपाईंले परमेश्वरबाट प्राप्त गर्नुभएको अनुग्रहलाई कहिल्यै पनि बिर्सनुहुँदैन । प्रेरित पावलले स्वयम्लाई सबैभन्दा पापी ठान्नुभएको थियो, त्यसकारण आफूजस्तो पापी व्यक्तिलाई बचाउने त्यो महान् अनुग्रहलाई स्मरण गर्नुहुँदै उहाँ आफ्ना जिम्मेवारीहरू एकदमै व्यग्रताका साथ पूरा गर्ने गर्नुहुन्थ्यो ।

उहाँले आफ्नो सम्पूर्ण जीवन यस्तो सोचकासाथ जिउनुभयो, "मलाई बचाउने त्यो अनुग्रहप्रति म अति नै कृतज्ञ छु । मैले प्रभुलाई सताएको थिएँ ; तर प्रभुले मलाई प्रेरितको जिम्मा सुम्पनुभयो यो कति महान् अनुग्रह हो ! प्रभुको नाउँलाई प्रचार गर्ने यस्तो बहुमूल्य जिम्मेवारी म कसरी पाउन सक्थें र ?" कठिनाइ र सतावटहरूको सामना गर्नुपरेतापनि, सुसमाचार प्रचार गर्नु मेरो कर्तव्य हो भनी उहाँले ठान्नुभयो र सक्दो प्रयत्न गर्नुभयो ।

जब तपाई परमेश्वरको अनुग्रहप्रतिको तपाईंको कृतज्ञताका साथ विश्वासयोग्य भई कार्य गर्नुहुन्छ, तब तपाईंले आफूले गरेका कार्यहरूको निम्ति प्रशंसा वा इनामको चाहना गर्नुहुने छैन । तपाईंले स्वयम्लाई बलिदान र समर्पण गर्नुभए तापनि, तपाईंले परमेश्वरलाई दिनुभएको कुराभन्दा परमेश्वरले तपाईंलाई दिनुभएको अनुग्रहको परिमाण नै अझै बढी हुन्छ ।

तपाईंले पाउनुभएको अनुग्रहमध्ये सबैभन्दा ठूलो अनुग्रह भनेको मुक्तिको अनुग्रह हो । विशेषगरी, आज संसार पापले यति भरिएको छ, कि तपाईंले सुसमाचार सुन्नुभएर प्रभुलाई स्वीकार गर्नुभएतापनि, परमेश्वरको इच्छालाई स्पष्टसित महसुस गर्नुभएको जस्तो लागेतापनि र थुप्रै शक्तिशाली कार्यहरू अनुभव गर्नुभएतापनि विश्वासलाई थामी राख्नु अत्यन्तै कठिन छ । यो अनुग्रहलाई अझ गहिराइमा खोपेर राख्न र दिनप्रतिदिन जोशलाई वृद्धि गर्दै लैजान म तपाईंहरूसित आग्रह गर्दछु ।

# "परमेश्वरले मलाई २५ वर्षदेखिको कुष्ठरोगबाट चङ्गाइ दिनुभएको छ !"



भाइ जय राम भुजेल, वर्ष ४०, नेपाल मानमिन चर्च

म नेपालको पूर्वीय भागको एक शहरमा बसोबास गर्दछु। १५ वर्षको हुँदा ममा एउटा समस्या देखापऱ्यो । कुनै कुरा छुदाँ, म लाटो महसुस गर्दथेँ । म केही पनि महसुस गर्न सक्दिनथेँ र मेरो दुवै हात र खुट्टाहरूमा दागहरू देखा परे । यहाँसम्म कि म आफ्ना औंलाहरूसमेत चलाउन सक्दिनथेँ ।

मलाई कुष्ठरोग लागेको थाहा भयो । यो दयनीय र अनपेक्षित वास्तविकताको सामना गर्नुपर्दा, मलाई जीवनप्रति नै निराशा र संदेह लाग्न थाल्यो । 'ममाथि किन यस्तो आइपऱ्यो !' शारीरिक पीडा वृद्धि हुँदैजाँदा, मानसिक पीडाले पनि मलाई अत्यन्तै सतायो ।

म मानिसहरूको सामु जान सकिरहेको थिइनँ र आफूलाई भएको कुराको बारेमा पनि भन्न सकिरहेको थिइनँ । औषधीले पनि मेरो रोगलाई निको पार्न सक्दैनथ्यो जसले गर्दा म अत्यन्तै निराश थिएँ ।

त्यही समय, नेपाल मानमिन चर्चमा जानुहुने मेरो दाइ सिमोन भुजेलले मानमिन केन्द्रीय चर्चको बारेमा मलाई बताउनुभयो । मानमिन केन्द्रीय चर्चको सिनियर पास्टर डा. जेरक लीले प्रार्थना गरिदिनु भएको रुमाल मानिसहरूमाथि राखी प्रार्थना ग्रहण गर्दा मानिसहरू रोगहरूबाट निको हुन्छन् भनी उहाँले भन्नुभयो । थपअझ मानमिन केन्द्रीय चर्चबाट मानमिन वर्ल्ड गाइडेन्स पास्टर, रेभ. हिसन ली नेपाल मानमिन चर्चमा आउँदै हुनुहुन्छ र रुमालको चङ्गाइ सभा पनि हुँदै छ भनी उहाँले भन्नुभयो (संदर्भ प्रेरित १९:११-१२) ।

आशाका साथ, त्यस कार्यक्रममा उपस्थित हुने र चङ्गाइ प्राप्त गर्ने मैले हार्दिक चाहना राखे । मेरो वृद्ध बुबाको सहायतामा, म काठमाण्डौं गएँ र नोभेम्बर १० मा सेमिनारी र नोभेम्बर ११ मा ११ औं वार्षिकोत्सव सेवामा समेत सहभागी भएँ । मैले धेरै अनुग्रह पाएँ, र दिउँसो पवित्र आत्माको भरपूरीको निम्ति प्रार्थना सभामा म सहभागी भएँ । रेभ. लीले रुमालका साथ सबैको निम्ति प्रार्थना गरि दिनुभयो ।

त्यसपछि आर्श्चजनक घटना भयो ! मेरा औंलाहरू चल्न थाले ! मैले विगत २५ वर्षसम्म धेरै कोशिश गरेतापनि ती चलेका थिएनन् । सबै पीडा र दागहरू हराएर गए ! अहिले म अरूले छुँदा महसुस गर्न सक्ने भएको छु !

परमेश्वरले मेरो निम्ति गर्नुभएको यस आश्चर्यकर्मको अघि म खुशीले अवाक् भएको छु । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु उहाँ जो न्यायो ज्योतिका साथ म जस्तो व्यक्ति कहाँ आउनुभयो र मेरो दयनीय कुष्ठरोग निको पार्नुभयो !






नेपाल मानमिन चर्चको ११ औं वार्षिकोत्सव समारोहको प्रस्तुति (बायाँ) र कुष्ठरोगबाट निको हुनुभएको भाइ जय राम भुजेल (दायाँ)

# "उमेर बढ्दै गएतापनि म झन् जवान देखिँदै छु भनी मानिसहरू भन्ने गर्दछन् !"

डिकनेस सनोक पार्क, वर्ष ७९, ग्वाङ्गजु मानमिन चर्च



जनवरी २०१० मा मेरा छोराछोरीहरूले मलाई ग्वाङ्गजु मानमिन चर्चमा डोऱ्याउनुभयो । सृष्टिकर्ता परमेश्वरमा विश्वास गरेकोले गर्दा ७९ वर्षको भएतापनि म एकदमै स्वस्थ छु ।

अनुहारमा मुआन मीठो पानी (प्रस्थान १५:२५) लगाउन थालेदेखि, उमेरको कारण अनुहारमा देखिने दागहरू हराएर गएका छन् र मानिसहरूले म झन्झन् जवान देखिँदैछु भनी भन्नुभएको छ । चर्च जानुभन्दा अघि, खेतीपातीका कठिन कार्यहरूका कारण मेरो शरीर एकदमै दुख्दथ्यो र त्यसबाट छुटकारा पाउनको लागि म अकुपंचर पद्धति अपनाउने गर्दथेँ । मेरो घुँडामा पीडा हुँदा, म अस्पताल गएको थिएँ र डाक्टरले शल्यक्रिया गर्नुपर्छ भनी सल्लाह दिनुभयो । यद्यपि म चर्च जान थालेपछि, ती सबै लक्षणहरू हराएर गए !

२०१२ को बसन्तमा म जोर्नीहरूको बाथबाट निको भएँ । शरीरमा छुँदामात्र पनि मलाई पीडा हुने गर्दथ्यो र चक्कुले घोचेझैं मेरा हड्डीहरूको हरेक जोर्नीहरूमा पीडा हुने गर्दथ्यो । मेरा कुमहरूमा पक्षाघात भएको थियो, त्यसकारण म तिनलाई उठाउन र आफै शौचालय जान सक्दिनथेँ । म ओछ्यानमै बसिरहन्थेँ । चर्चमा वचन सुनेपछि मैले यसरी प्रार्थना गरेँ, "परमेश्वर अन्धाहरूलाई देख्न सक्ने र मृतकहरूलाई पुनर्जीवित पार्न सक्ने हुनुहुन्छ । म पनि निको हुन चाहन्छु ।" छडीको साहारामा म मानमिन प्रार्थना केन्द्रमा आयोजना हुने ईश्वरीय चङ्गाइ सभामा सहभागी हुन सियोल आएँ । १२ दिनसम्म सभामा सहभागी हुँदा, मैले माथिबाटको विश्वास प्राप्त गरेँ र दिनप्रति दिन मेरो अवस्थामा सुधार हुँदै जान थाल्यो । अन्ततः मैले छडी फालिदिए र घर फर्कें ।

सन् २०१४ को जुन महिनामा मैले आश्चर्यजनक कुरा अनुभव गरेँ । मेरो चर्चका सम्पूर्ण सदस्यहरू परिश्रमपूर्वक बाइबल पढ्दै हुनुहुन्थ्यो र म पनि उहाँहरूसित सहभागी हुन चाहन्थेँ । चश्मा लगाएर बाइबल पढ्दै गर्दा, मैले कसैले मेरो आँखाको अगाडि बत्ती बालिदिए जस्तै एकदमै चहकिलो महसुस गरेँ । मेरो दृष्टिमा सुधार हुँदैछ भन्ने मैले सोचेँ र चश्मा नलगाईकनै मैले बाइबल र चर्चको साप्ताहिक बुलेटिन पढ्न सकेँ । अब म सियोमा धागो हाल्न पनि सक्छु । हाल्लेलूयाह !

म ज्योनबुक प्रान्तको सुनचाङ्गमा एक्लै खेती गरेर बस्छु । मानिसहरूले मलाई तपाईं एक्लै बस्नुहुन्छ भनी सोध्नुहुँदा, म यसरी प्रत्युत्तर दिने गर्दछु, "परमेश्वर जीवित हुनुहुन्छ र मसित जि.सि.एन. (GCN) छ । म कहाँ एक्लो छु र ?"

ग्वाङ्गजु मानमिन चर्च टाढा भएकोले गर्दा म सप्तान्नमा चर्च जान नसकेतापनि, जि.सि.एन (GCN) मार्फत् नै म दानियल प्रार्थना सभा र अन्य आराधना सेवाहरूमा सहभागी हुन्छु । मलाई जि.सि.एन. (GCN) का कार्यक्रमहरू एकदमै मन पर्दछ ।

बुधवारको दिनमा, काम सकिएपछि म मेरो कपाल धुन्छु र लुगा फेर्छु । अनि चर्चमा उपस्थित भएझैं गरी म बुधवारको सेवा अर्पण गर्दछु । म राती ११ बजेदेखि बिहान ४ बजेसम्म परमेश्वरको सामु नाच्दै गाउँदै शुक्रवारको रात्रीसेवामा समेत सहभागी हुन्छु । म एकदमै खुशी छु ।

म स्वर्गको आशा र पवित्र आत्माको भरपूरीमा जिइरहेको छु, किनकि मलाई अस्पताल जानु परेको छैन र म परमेश्वरको वचन सुन्दछु र जि.सि.एनमा सधैंभरि सिनियर पास्टरको प्रार्थना ग्रहण गर्दछु । म आफ्नो शहरका साथीहरूलाई यसो भन्ने गर्छु, "मलाई हेर । मलाई कुनै औषधिको आवश्यकता पर्दैन र परमेश्वरमा विश्वास गरेदेखि नै म स्वस्थ छु !" मैले उहाँको लागि केही गरेको छैन, तरैपनि परमेश्वरले मलाई धेरै आशिषहरू दिनुभएको छ । म सम्पूर्ण धन्यवाद उहाँलाई नै दिन्छु ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गुरो-३ डुङ्ग, गुरो-गु, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन